# चुरे राजपत्र

## चुरे गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ६ संख्या ४ मिति २०७९ श्रावण ०३



# भाग १

## चुरे गाउँपालिकाको सूचना

**स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ उपदफा (३) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छ:**

## जलचर एवं जलीय जैविक विविधता संरक्षण ऐन २०७९

**प्रस्तावना:** चुरे गाउँपालिका क्षेत्र भित्रको नदी, ताल तलैया, सीमसार, जलचर, जलीय जैविक विविधताको संरक्षण गर्न, जलचर एवं जलीय जैविक विविधताको संरक्षण तथा दिगो उपयोग गर्न, जलस्रोत तथा जलचरमा आश्रित समुदाय

बिचको अध्यात्मीक तथा साँस्कृतिक अन्तरसम्बन्ध तथा अन्तरनिर्भरता समेत सुदृढ गर्न तथा जलचरमा आधारित जीविकोपार्जनको प्रबर्द्धन तथा व्यवस्थापन गरी आम नागरिकको सुविधा र आर्थिक हितको सम्वर्धनका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संबिधान अनुसुची ८ को सुची नं. १० र २१ मा उल्लिखित अधिकारको कार्यान्वयनका लागि संविधानको धारा २२६ बमोजिम यो ऐन बनाएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "चुरे गाउँपालिकाको जलचर एवं जलीय जैविक विविधता संरक्षण ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले चुरे गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "औजार" भन्नाले जलचरलाई समाउन, पक्रन, मार्न वा संकलन गर्न प्रयोग हुने सबै किसिमका औजार, उपकरण, साधन वा सामग्री, विष्पोटक पदार्थ तथा माहाजाल, करेन्ट जाल, बल्छी, साधारण जाल, खुकुरी, भाला, दुवालो थुन्ने, पहाई टेक्ने, लुकाई मार्ने, तिर कोच्ने, घन र मेशीन समेत सम्झनु पर्छ ।

(ग) "कार्यपालिका" भन्नाले चुरे गाउँकार्यपालिका सम्झनुपर्छ ।

(घ) "कोष" भन्नाले यस ऐनको दफा २६ बमोजिम स्थापना भएको सामुदायिक जलचर संरक्षण कोष सम्झनु पर्छ ।

(ङ) "गाउँपालिका" भन्नाले चुरे गाँउपालिका सम्झनु पर्छ ।

(च) "जलचरमा आश्रित समुदाय" भन्नाले नदीनाला, गाड ताल, तलैया, सिमसारमा रहेका जलचरमा आंशिक वा पूर्ण रुपमा आधारित भई जीविकोपार्जन गर्ने समुदाय सम्झनु पर्छ ।

(छ) "जलचर" भन्नाले जलभित्र बस्ने जुनसुकै जीव सम्झनुपर्छ ।

(ज) "जलीय जीव" भन्नाले जलभित्र रहने वा पाईने जुनसुकै जीव र वनस्पती सम्झनु पर्छ ।

(झ) "जलचर संकलन" भन्नाले जल भित्र बस्ने जुनसुकै जीव समाउन, पक्रन, मार्न वा संकलन गर्ने कार्य सम्झनुपर्छ ।

(ञ) "जलीय जैविक विविधता" भन्नाले नदी, गाड र सिमसार वा तालमा रहने जीवहरुको बिभिन्नता, प्रकार र जम्मा संख्या तथा तिनीहरु बीचको अन्तरसम्वन्ध एवं प्राणी, वनस्पति तथा सुक्ष्म जीवाणुहरुमा पाइने विविधता र तिनीहरुको संयोजनलाई सम्झनु पर्छ र सो शव्दले आनुवंशिक विविधता (जेनेटिक डाइभर्सिटी), जातीय वा प्रजातीय वा प्रजातिगत ( भेराइटलर स्पेसिस) विविधता र पारिस्थितिक प्रणालीको विविधता ( इकोसिष्टम डाइभर्सिटी) समेतलाई जनाउँछ ।

(ट) "ताल" ताल भन्नाले कुण्ड, पोखरी, ताल, दह, तलाउ, प्राकृतिक वा कृत्रिम जलाशय,

सिमसार, मत्स्य पालनका लागि जडान भएको पिंजडा (केज) तथा माछा पालन गरेको धान खेत समेत सम्झनु पर्छ ।

(ठ) "तोकिएको वा तोकिएबमोजिम" भन्नाले यस ऐन बमोजिम बनेको नियमावली वा कार्यबिधिमा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

(ड) "दिगो उपयोग" भन्नाले जलचर र जलीय जैविक विविधता एवं जलीय जैविक विविधताका अवयवहरुको उपयोगबाट जलचर र जलीय जैविक विविधता तथा जलीय जैविक विविधताका अवयवहरु दीर्घकालिन रुपमा नघट्नेर पूर्ववत अवस्थामा रहन सक्ने तथा दीर्घकालिन रुपमा संचिति कायम गर्न सक्ने

सीमा भित्र रहने गरी गरिएको सदुपयोग सम्झनु पर्छ ।

(ढ) “नदी” नदी भन्नाले नदी, गाड, खोला, नाला, खहरे, नहर, कुलो, मुल र तिनीहरुको स्रोत मत्स्यपालनका लागि जडान भएको पिंजडा (केज) समेत सम्झनु पर्छ ।

(ण) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले चुरे गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(त) “मत्स्य भऱ्याङ (फिस ल्याडर)” भन्नाले जलचरको आवागमनको लागि नदी, गाड वा तालमा राखिएको वैकल्पिक बाटो सम्झनु पर्छ ।

(थ) ‘‘मिचाहा प्रजाति’’ भन्नाले जलीय वनस्पति वा जलचरको कुनै त्यस्तो प्रजाति जुन स्थान विषेश वा पारिस्थितिकीय प्रणालीको रैथाने प्रजाती नभई, तिब्र प्रजनन् र छिटो फैलन सक्ने क्षमता र प्रकृति वागुणको कारणले आफनो प्राकृतिक बिगत वा हालको बासस्थान भन्दा बाहिरको स्थान विषेश वा पारिस्थितिकीय प्रणालीमा स्थापित भै जैविक विविधता, वातावरण, आर्थिक कृयाकलाप र मानव स्वास्थ्यमा प्रतिकुल प्रभाव पार्ने वा पार्न सक्ने प्रजाति सम्झनु पर्छ ।

(द) “लाभको समन्यायिक वितरण” भन्नाले सामुदायिक नदी वा तालको संरक्षण, व्यवस्थापन, दिगो

उपयोग तथा माछा तथा अन्य जलचरको विक्रि वितरण, पर्यापर्यटन जस्ता माध्यमबाट प्राप्त लाभको महिला, दलित, आदिवासी जनजाति तथा विपन्न सदस्यलाई समन्यायिक रुपमा वितरण गरिने लाभ सम्झनु पर्छ ।

(ध) “वडा” भन्नाले चुरे गाउँपालिकाको वडा सम्झनु पर्छ ।

(न) “विधान” भन्नाले सामुदायिक जलचर संरक्षण समूहको विधान सम्झनु पर्छ ।

(प) ‘‘समिति” भन्नाले यस ऐनको दफा २१ बमोजिम गठन भएको सामुदायिक जलचर संरक्षण समुहको कार्यसमिति सम्झनु पर्छ ।

(फ) “सभा” भन्नाले चुरे गाउँपालिकाको गाउँ सभालाई सम्झनुपर्छ ।



चुरे गाउँपालिका

(ब) “समूह” भन्नाले सामुदायिक नदी वा तालको संरक्षण, व्यवस्थापन तथा दीगो उपयोग र सोबाट प्राप्त लाभको समन्यायिक बाँडफाँड गर्न दफा २१ बमोजिम दर्ता भएको समूह सम्झनु पर्छ।

(भ) “सामुदायिक नदी” भन्नाले सामुहिक हितको लागि नदी, गाड वा खोलानालाको विकास, संरक्षण र दिगो उपयोग गर्न दफा २१ बमोजिम समुदायलाई चुरे गाउँपालिकाले सुम्पिएको वा हस्तान्तरण गरेको नदी, गाडर खोलानाला सम्झनु पर्छ।

(म) “सामुदायिक ताल” भन्नाले सामुहिक हितको लागि ताल, तलैया, पोखरी, दह वा सिमसारको विकास,

संरक्षण र उपयोग गर्न दफा २१ बमोजिम समुदायलाई सुम्पिएको वा हस्तान्तरण गरिएको ताल, तलैया, पोखरी, दह र सिमसार सम्झनु पर्छ ।

(य) “सामुदायिक जलचर संरक्षण समूह” भन्नाले सामुदायिक नदी, खोलानाला वा ताल, सिमसारको संरक्षण, व्यवस्थापन तथा दीगो उपयोग र सोबाट प्राप्त लाभको समन्यायिक बाँडफाँड गर्न दफा २१ बमोजिम दर्ता भएको समूह सम्झनु पर्छ ।

## परिच्छेद २

## जलचर संरक्षण सम्बन्धी व्यवस्था

३. **स्थानीय नदी वा तालमा कुनै व्यक्तिलाई हक प्राप्त नहुने** : गाउँपालिकाबाट अनुमति, हक, छुट, सुविधा, पट्टा वा पूर्जी वा प्रमाण पत्र प्राप्त गरी वा अरु कुनै प्रकारले हक वा सहुलियत प्राप्त गरेकोमा

बाहेक कुनै व्यक्ति वा समूहलाई गाउँपालिकाको क्षेत्र भित्रको नदी, गाड, खोला, तथा ताल, तलैया, पोखरी र सिमसारमा कुनै किसिमको हक वा सहुलियत प्राप्त हुने छैन ।

४. **हक हस्तान्तरण गर्न नहुने** : कुनै व्यक्ति वा समूहले स्थानीय नदी वा तालमा आफूले पाएको अनुमति, हक, छुट, सुविधा, सहुलियत, पट्टा वा पूर्जी अरु कसैलाई बिक्री गर्न, बन्धकीमा दिन, दान दिन वा सट्टापट्टा गर्न वा अन्य कुनै प्रकारले हक हस्तान्तरण गर्न हुदैन ।

५. **जथाभावी तरिकाले जलचर समाउन वा मार्न नहुने**: (१) कुनै व्यक्तिले कुनै पनि जलचरलाई समात्ने वा मार्ने अभिप्रायले नदी वा तालमा कुनै किसिमको विद्युतीय धार (करेण्ट), विष्फोटक पदार्थ वा विषालु पदार्थको प्रयोग गर्न वा गराउन हुँदैन ।

(२) जलचर समाउने वा मार्ने अभिप्रायले ठुलीगाडमा जालको प्रयोग गर्दा जालको आँखाको आकार (साइज) तीन दशमलव पाँच सेन्टिमिटर (पैंतिश मिलिमिटर) भन्दा सानो प्वाल भएको र सात दशमलव पाँच सेन्टिमिटर (पचहत्तर

मिलिमिटर) वा सो भन्दा ठूलो प्वाल को जाल, चौथीं, माहाजाल, तथा करेण्ट जाल (गिल नेट) प्रयोग गर्न हुंदैन ।

(३) ठुलीगाड बाहेक अन्य गाड वा खोलानालामा जलचर समाउने वा मार्ने अभिप्रायले जालको प्रयोग गर्दा जालको आँखाका आकार (साइज) एकदशमलव पाँचसेन्टिमिटर (पन्ध्र मिलिमिटर) भन्दा सानो आँखाको आकार (साइज) र सात दशमलव पाँच सेन्टिमिटर (पचहत्तर मिलिमिटर) वा सो भन्दा ठूलो आँखाको आकार (साइज) भएको जाल, चौथीं, महाजाल एवं करेण्ट जाल (गिल नेट) वा मच्छर झुल प्रयोग गर्न हुंदैन ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सोलो, गोदा, टापी, ढडिया, बटुका थाप्ने जस्ता परम्परागत रुपमा प्रयोग हुदै आएका साधन वा सामग्री प्रयोग गरी माछा समात्ने वा मार्न सकिने छ ।

(५) जलचर समाउनका लागि घन हान्ने, दुवाली बुज्ने थुन्ने वा फर्काउने, पटेलो थाप्ने, डोजर जस्ता

मेशिनको प्रयोग गरी नदिको धार फर्काउने जस्ता तरीका वा माध्यम प्रयोग गर्दा माछाका भूरा र माउ माछा समेत सवै साईजका माछा र अन्य जलचर मर्न सक्ने गरी उपरोक्त औजारहरु प्रयोग गर्न तथा रात्रीको समयमा माछा समात्न वा मार्न एवं सहर जस्ता माछाले फूल पार्ने जेष्ठ, आषाढ र श्रावण महिनामा बल्छीको प्रयोग गरी माछा वा जलचर समाउन वा पक्रन पाईने छैन ।

६. **<u>पैठारी वा खरिद र बिक्रीमा प्रतिबन्धः</u>** कसैले पनि जलचर समात्न वा मार्नका लागि बिषालु पदार्थ, विषादी, ब्याट्री, जालको आँखाको साइज एक दशमलव पाँच सेन्टिमिटर (पन्ध्र मिलिमिटर) भन्दा सानो प्वाल भएको र सात दशमलव पाँच सेन्टिमिटर (पचहत्तर मिलिमिटर) वा सो भन्दा ठूलो आँखाको साइज भएको जाल,चौथीं, महाजाल, र करेण्ट जाल पैठारी वा खरिद बिक्री गर्न वा गराउन पाईने छैन ।

७. **<u>मत्स्य भऱ्याङ, जलचर ह्याचरी वातावरणीय वहाव सम्वन्धि व्यवस्थाः</u>** (१) विद्युत, खानेपानी, सिंचाई वा अन्य कुनै प्रयोजनको लागि बाँध निर्माण गर्ने

निकायले जलचरको आवागमनमा बाधा पर्न नदीनको लागि सम्भव भएसम्म मत्स्य भऱ्याङ (फिस ल्याडर) निर्माण गर्नु पर्नेछ । मत्स्य भऱ्याङ निर्माण गर्न वैज्ञानिक वा प्राविधिक रुपमा सम्भव नहुने भएमा त्यस्तो ठाउँमा वा आसपासको क्षेत्रमा जलचरको कृत्रिम प्रजनन गराउनको निमित्त जलचर ह्याचरी तथा जलचर नर्सरीको व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्माण कार्य गर्दा कार्यपालिकालाई पूर्व जानकारी दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको बाँध निर्माण र सञ्चालन गर्दा तल्लो तटको जैविक विविधता र सामाजिक, सांस्कृतिक तथा आर्थिक क्रियाकलापलाई आघात वा क्षति पुग्न नदीन सुख्खा याममा नदी वा तालको प्रवाहको कम्तीमा पन्ध्र देखि पच्चिस प्रतिशत न्यूनतम् वातावरणीय वहाव ( इनभायरोमेन्टल फ्लो) सुनिश्चित गर्नु पर्नेछ ।

८. **<u>मत्स्य भऱ्याङ तथा संरचनाका ढोका थुन्न वा भत्काउन नहुने :</u>** अधिकार प्राप्त व्यक्ति बाहेक अरु कसैले पनि जलचरको संरक्षणको लागि नदी वा तालमा राखिएका मत्स्य भऱ्याङ, बाँध तथा अन्य कुनै किसिमको संरचनाको ढोकालाई थुन्न वा भत्काउन हुँदैन ।

९. **<u>नदी र ताल प्रदुषित गराउन नपाइने :</u>** कुनै व्यक्ति, संस्था वा निकायले कुनै काम कारोबार गर्दा उत्पन्न हुने फोहरमैला यथाशक्य कम निष्कासन गर्नु पर्नेछ र फोहरबाट निस्केको दूषित पानी, फोहरबाट निस्केको दूषित पानी रसाएर ( लिचेट) वा ढल नदी वा तालमा चुहावट वा उत्सर्जन गरी नदी वा ताल प्रदूषित गर्न गराउन हुदैन ।

१०. **<u>पालेको माछा, शंखे किरा, झिङ्गे माछा र अन्य जलचर नदी वा तालमा निस्कासन गर्न प्रतिबन्धः</u>** (१) ताल तलैया पोखरीमा पालेको स्थानीय जातको वा अन्य मुलुकबाट आयातित माछा, झिङ्गे माछा, शंखे किरा, कछुवा लगायत अन्य जलचर नदी, गाड, खोलानालावा सार्वजनिक ताल, तलैया, पोखरी, दह तथा

सिमसारमा छाडन वा निस्कासन गर्नु हुँदैन ।

***स्पष्टीकरण*** *: यस दफाको प्रयोजनको लागि "निष्कासन" भन्नाले माछा, झिङ्गे माछा, शंखे किरा, लगायत अन्य जलचर ल्याएर राख्नु, जम्मा गर्नु वा कुनै हिसावले वा तरिकाले फुत्किएर, फुत्काएर वा बगेर नदी वा तालमा जानु वा निष्कासन हुनु समेतलाई सम्झनु पर्छ ।*

(२) कुनै ब्यक्ती, निकाय वा संघ संस्थाले माछापालनका लागि पोखरी निर्माण गर्दा पोखरीको डिल जमिनको सतह माथि साधारणतया कम्तीमा पनि एक दशमलव पाँच मिटर अग्लो हुनु पर्ने छ ।

११. **कार्यपालिकाले आदेश जारी गर्न सक्ने:** (१) कार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी तोकिएका स्थान, याम, ॠतु, महिना वा नदी वा तालमा कार्यपालिकाको अनुमती विना कुनै पनि व्यक्तिले जलचर समात्न, मार्न तथा चोट पुऱ्याउन नपाउने गरी आदेश जारी गर्न सक्नेछ ।

(२) कार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी माछा तथा अन्य जलचरको संरक्षण सुनिश्चित गर्न नदी वा तालको पुरै वा आंशिक भाग वा कुनै क्षेत्रमा माछा र अन्य जलचर समात्ने, छ मार्ने, संकलन गर्ने वा क्षति हुनसक्ने क्रियाकलापमा प्रतिवन्ध लगाउन सक्ने वा कुनै ताल वा नदी खोलानालाको त्यस्तो क्षेत्रलाई संरक्षण क्षेत्र घोषणा तथा कायम गर्न सक्नेछ ।

(३) कार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी कुनै खास प्रजाति वा महत्वका जलीय स्तनधारी जीव, घस्रने प्राणी, ओत, शंखे किरा, माछा, झिङ्गे माछा, लगायत अन्य जलीय वनस्पति र जलचरलाई संरक्षित जीव वा संरक्षित वनस्पति तोक्न सक्नेछ र त्यस्ता संरक्षित जलीय स्तनधारी जीव, घस्रने प्राणी, शंखे किरा, माछा, झिङ्गे माछा, लगायत जलीय वनस्पति, माछा र अन्य जलचर समात्न, मार्न तथा चोट पुऱ्याउन वा क्षति हुनसक्ने कुनै पनि क्रियाकलाप गर्न निषेध हुनेछ ।

(४) उपदफा (१), (२) र (३) बमोजिम प्रकाशित आदेशमा तोकिएका

ठाउँ, नदीनाला वा गाडमा रहेका सम्पूर्ण जलचरका सम्बन्धमा कार्यपालिकाको मात्र अधिकार रहनेछ ।

१२. **नागरिकको कर्तव्य तथा अधिकार :** (१) जलचर, जलीय जैविक विविधता तथा जलीय जैविक विविधताका अवयवहरुको संरक्षण तथा दिगो उपयोग गर्नु प्रत्येक व्यक्ति, समूह, संस्था वा निकायको कर्तव्य हुनेछ ।

(२) नदी वा ताल, सिमसारमा कुनै पनि किसिमबाट मिचाहा प्रकृति वा प्रजातिका जलीय जीव तथा जलचर नदी वा ताल, सिमसारमा निष्कासन वा बिसर्जन हुन नदिनु प्रत्येक नागरिकको कर्तव्य हुनेछ ।

(३) कार्यपालिकाले तोकेको संरक्षित जलीय स्तनधारी जीव, घस्रने प्राणी, शंखे किरा, माछा, झिङ्गे माछा, लगायत अन्य जलिय वनस्पति र जलचरको नागरिकले बिशेष सुरक्षा, संरक्षण एवं सम्वर्द्धन गर्नु पर्नेछ ।

(४) कार्यपालिकाको लिखित पुर्व अनुमति बेगर र मापदण्ड विपरीत हुने गरी सामुदायिक नदी र सामुदायिक

तालबाट ढुङ्गा, गिट्टी, वालुवाको उत्खनन, निस्कासन गर्न वा गराउन हुदैन ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिकाले दफा २१ बमोजिम समुदायलाई हस्तान्तरण गरेको वा सुम्पिएको सामुदायिक नदी क्षेत्र बाहेक नदीको अन्य क्षेत्र वा भागको प्रारम्भीक वातावरणीय परिक्षण गराई सोको प्रतिवेदन अनुरुप मात्र कुनै व्यक्तिलाई ढुङ्गा गिट्टी बालुवाको उत्खनन्, निष्कासनको अनुमति दिनु पर्नेछ ।

(६) नदी वा तालमा फोहोरको विर्सजन, फोहरबाट निस्केको दूषित पानी, फोहरबाट निस्केको दूषित पानी रसाएर (लिचेट) जान सक्ने गरि वा ढल नदी वा तालमा उत्सर्जन नगरी नदी र ताल प्रदुषित हुनबाट बचाउनु प्रत्येक व्यक्ति, समूह, संस्था र निकायको कर्तव्य हुनेछ ।

(७) नेपाली नागरिकलाई यस ऐन वा यस ऐन अर्न्तगत बनेको नियमावली र यस ऐन वा नियमावली अर्न्तगत जारी गरिएको आदेशको अधिनमा रही जलचर समात्न वा मार्न र जलीय जैविक

विविधताका अवयवहरुको दिगो उपयोग गर्ने अधिकार हुनेछ ।

## परिच्छेद ३

## जलिय जैविक विविधता व्यवस्थापन समिति, समन्वय परिषद् तथा संरक्षण क्षेत्र सम्बन्धी व्यवस्था

१३. **कार्यपालिकाले व्यवस्थापन समिति गठन गर्न सक्ने :** (१) जलचर, जलिय जैविक विविधताको संरक्षण, र दिगो उपयोग तथा सोबाट प्राप्त लाभको समन्यायिक वितरणसम्बन्धी विषयमा कार्यपालिकालाई नीतिगत मार्गदर्शन र राय सल्लाह दिन तथा ठुलीगाड जलाधारको जलिय जैविक विविधता र ठुलीगाड जलाधारको सामुहिक व्यवस्थापन गर्न ठुलीगाड जलाधार क्षेत्रभित्र अवस्थित गाउँपालिका तथा निकायहरु बीच समन्वय र सहकार्य समेत गर्नको लागि कार्यपालिकाले जलचर तथा जलिय जैविक विविधता व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको समिति गठन गर्दा गाउँपालिकाको अध्यक्षको अध्यक्षतामा गठन गर्नुपर्ने छ र सो समितिमा गाउँपालिकाको उपाध्यक्ष,

वडाध्यक्ष, स्थानीय बुद्धिजिवी तथा समाजसेबी समेत रहने गरी कम्तीमा ९ सदस्यीय समिति गठन गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम गठन गरिने समितिको अध्यक्ष तथा अन्य सदस्यको पदावधि ५ बर्षको हुनेछ ।

(४) उपदफा (१) बमोजिम गठन गरिने समितिको बैठकसम्बन्धी र अन्य व्यवस्था कार्यपालिकाले निर्धारण गरे वमोजिम हुनेछ ।

(५) उपदफा (१) बमोजिम गठन गरिने समितिको काम, कर्तव्य र अधिकार कार्यपालिकाले तोकेवमोजिम हुनेछ ।

१४. **कार्यपालिकाले समन्वय परिषद गठन गर्न सक्ने** : (१) ठुलीगाड जलाधार क्षेत्र भित्र जलचर, जलिय जैविक विविधताको संरक्षण र दिगो उपयोग तथा सोबाट प्राप्त लाभको समन्यायिक वितरण सम्बन्धमा ठुलीगाड जलाधार क्षेत्र भित्र अवस्थित जोरायल, बडीकेदार र मोहन्याल गाउँपालिकाहरुका विचमा समन्वय र सहकार्य गर्न, संयुक्त नीति, योजना तथा कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्न अपरिहार्य भएको हुँदा

गाउँपालिकाले उपरोक्त गाउँपालिकाहरुसँग पहल गरी जलचर तथा जलिय जैविक विविधता समन्वय परिषद गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको समिति गठन गर्दा ठुलिगाड जलाधार क्षेत्र भित्रका गाउँपालिकाहरु मध्येबाट वर्णनुक्रम बमोजिम क्रमिक रुपमा आलोपालो गरी सम्बन्धित गाउँपालिकाका अध्यक्षको संयोजकत्वमा परिषद गठन गर्नुपर्नेछ र सो परिषदमा गाउँपालिकाको उपाध्यक्ष, तोकिएका वडा अध्यक्ष, स्थानीय बुद्धिजिवी, समाजसेबी र महिला, दलित एवं आदिवासी जनजाति समेतको प्रतिनिधित्व रहने गरी बढीमा १७ सदस्यीय समन्वय परिषद गठन गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम गठन गरिने परिषदको पदावधि ५ बर्षको हुनेछ ।

(४) उपदफा (१) बमोजिम गठन गरिने परिषदको बैठकसम्बन्धी र अन्य व्यवस्था परिषदले निर्धारण गरे वमोजिम हुनेछ ।

(५) उपदफा (१) बमोजिम गठन गरिने परिषदको काम, कर्तव्य र अधिकार उपदफा (१) मा उल्लेख भएका काम, कर्तव्य र अधिकारका अतिरिक्त परिषदले तोकेवमोजिम हुनेछ ।

१५. **जलचर तथाजलिय जैविकविविधता व्यवस्थापन योजना तर्जुमा गर्न सक्नेः** जलचर तथा जलिय जैविक विविधताको संरक्षण, दीगो उपयोग, सोबाट प्राप्त लाभको समन्यायिक वितरण र जलिय जैविक विविधता स्वस्थ अवस्थामा भावी पुस्तालाई हस्तान्तरण सुनिश्चित गर्नका लागि कार्यपालिकाले जलचर तथा जलिय जैविक विविधता व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्ने छ ।

१६ **जलिय जैविक विविधता संरक्षण क्षेत्र तोक्न सक्नेः** (१) जलिय जैविक विविधता संरक्षणका दृष्टिले महत्वपूर्ण जलिय जैविक विविधताको प्रचुरता भएको क्षेत्र, महत्वपूर्ण प्रजातिका जलचर, जलिय वनस्पती, त्यस्ता प्रजाति वा आनुवाशिंक स्रोत विद्यमान भएको क्षेत्र,जलिय जैविक विविधताको वासस्थानको संरक्षण वा संकटापन्न प्रजातिहरुको जनसंख्या र पर्यावरणीय समुदायको सुरुक्षा गर्न वा

ऐतिहासिक तथा सांस्कृतिक महत्वका जलिय स्थलहरु भएको गाउँपालिका भित्रको कुनै नदी वा गाडको सम्पूर्ण वा केही भाग वा कुनै ताललाई कार्यपालिकाले त्यसको चार किल्ला समेत खुलाएको सूचना स्थानिय राजपत्रमा प्रकाशन गरी जलिय जैविक विविधता संरक्षणक्षेत्र तोक्न वा कायम गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यपालिकाले एकपटक घोषित गरिसकेको जलिय जैविक विविधता संरक्षण क्षेत्रको स्थानिय राजपत्रमा सूचना प्रकाशन गरी सिमाना हेरफेर वा परित्याग गर्न सक्नेछ ।

१७ **जलिय जैविक विविधता संरक्षण क्षेत्रमा गर्न नहुने कार्य** : कार्यपालिकाको लिखित अनुमति नलिई कुनै पनि व्यक्तिले संरक्षण क्षेत्रमा देहायको काम गर्न पाउने छैनः-

(क) जलचर र जलिय जैविक विविधताका अवयव संकलन गर्न,

(ख) संरक्षण क्षेत्रभित्र बग्ने नदी, गाड, ताल, दह वा

पानीको कुनै स्रोत वा त्यस्ता नदी, गाडका सहायक नदी, गाड वा खोला थुन्न, फर्काउन वा त्यस्ता नदी, गाड वा तालमा कुनै हानिकारक वा विस्फोटक बस्तु वा पदार्थहरु प्रयोग गर्न,

(ग) कुनै भू-भाग कब्जा गर्न, सफा गर्न, आवादी गर्न, खेती गर्न वा कुनै बाली उब्जाउन वा काट्न,

(घ) ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, खानी खन्न, वा कुनै खनिज पदार्थ, ढुङ्गा, गिट्टी, बालुवा माटो वा अन्य यस्तै पदार्थ हटाउन,

(ङ) प्रारम्भीक वातावरणीय परिक्षण विना जिल्ला सडक, सहरी सडक, ग्रामीण सडक वा साना सहायक सडक निर्माण गर्न,



चुरे गाउँपालिका

(च) रुख, विरुवा, झाडी काट्न, ढाल्न, हटाउन, छेक्न वा आगो लगाउन वा अरु कुनै प्रकारले हानी नोक्सानी पुऱ्याउन,

(छ) जलिय जैविक विविधताका अवयव, जलचर, जलिय वनस्पति, जलिय जलचर, पंक्षी वा तिनको वासस्थानलाई क्षति पुऱ्याउन,

(ज) जलचर तथा जलिय जैविक विविधताका अवयव, जलिय वनस्पति, जलिय पंक्षीलाई समात्न, पक्रन, मार्न वा अन्य कुनै किसिमले क्षति पुऱ्याउन,

(झ) नदी वा तालमा विष, वा हातहतियार खर खजाना वा औजार लैजान वा प्रयोग गर्न,

(ञ) कार्यपालिकाले तोकेका अन्य कार्यहरु ।

१८. **जलिय जैविक विविधता संरक्षण क्षेत्रमा सेवा सुविधाको संचालन :** (१) संरक्षण क्षेत्रको सुरक्षा र सर्वोपरि हितको निमित्त कार्यपालिकाले कार्यविधि तर्जुमा गरी उक्त कार्यबिधि बमोजिम कुनै व्यक्ति वा निकायसँग करार गरी घरवास (होम स्टे), होटल, लज, जलिय पर्यटन, जलयात्रा वा यातायात वा यस्तै किसिमका अन्य सेवा वा सुविधाको व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै व्यक्ति वा निकायसँग करार गरी घरवास (होम स्टे), होटल, लज, जलिय पर्यटन, जलयात्रा वा यातायात वा यस्तै किसिमका अन्य सेवा सञ्चालन गर्दा जलचर एवं जलिय जैविक विविधतामा प्रतिकूल असर पर्ने गरी गर्नु हुदैन ।

(३) उपदफा (१) बमोजिम करार नगरी कुनै पनि व्यक्तिवा निकायले संरक्षण क्षेत्र भित्र कुनै पनि किसिमको सेवा वा सुविधा सञ्चालन गर्न पाउने छैन ।

## परिच्छेद ४

## समुदायमा आधारित जलचर तथा जलीय जैविक विविधता संरक्षण सम्बन्धी व्यवस्था

१९. **ताल वा नदी समूहलाई हस्तानतरण गर्नसक्ने :** (१) कार्यपालिकाले सामुदायिक जलचर संरक्षण समूहलाई विधान बमोजिम ताल वा नदीको कुनै निश्चित भाग वा क्षेत्रको विकास, संरक्षण, व्यवस्थापन, दिगो उपयोग गर्न तथा नेपाल कानूनले संरक्षित प्रजातिहरु बाहेकका जलीय जैविक विविधताका विभिन्न अवयवहरु, स्तनधारी जीव, घस्रने प्राणी, शंखे किरा, माछा, झिङ्गे माछा, लगायत अन्य जलीय वनस्पति र जलचर समात्न, मार्न वा संकलन, बिक्री वितरण गर्न र अन्य माध्यमद्वारा प्राप्त लाभको समन्यायीक वितरण गर्न पाउने गरी ताल वा नदीको कुनै भाग सामुदायिक ताल वा नदीको रुपमा समूहलाई सुम्पन वा हस्तान्तरण गर्नसक्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि प्रमुख प्रशासकीय अधिकृतले समूहहरुलाई परिचालन गरी तोकिएबमोजिम सामुदायिक जलचर संरक्षण समूह गठन गर्न विधान तयार गर्न आवश्यक प्राविधिक एवं अन्य सहयोग उपलब्ध गराउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम सामुदायिक नदी वा ताल सुम्पदा वा हस्तान्तरण गर्दा प्रमुख प्रशासकीय अधिकृतले सामुदायिक नदी वा ताल हस्तान्तरणको प्रमाणपत्र दिनेछ ।

(४) अध्यक्ष, वडा अध्यक्ष, कार्यपालिका सदस्य, वडा सदस्य वा प्रमुख प्रशासकीय अधिकृतले वा गाउँपालिका र वडास्तरमा गठित अनुगमन समितिले उपदफा (१) बमोजिम हस्तान्तरण गरिएको सामुदायिक नदी वा तालको कम्तीमा ६ महिनामा एक पटक अनुगमन गरी सोको प्रतिवेदन कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

२०. **सामुदायिक नदी र तालको निर्धारण :** (१) कार्यपालिकाले नदी वा तालको कुनै भाग वा क्षेत्र समूहलाई सामुदायिक नदी वा तालको रुपमा सुम्पदा वा हस्तान्तरण गर्दा गाँउ वस्तीबाट नदी वा तालको दूरीका साथै नदी वा ताल व्यवस्थापन गर्ने स्थानीय समूहहरुको चाहना, व्यवस्थापन क्षमता र परम्परागत उपभोग समेतलाई ध्यान दिनु पर्नेछ ।

(२) समूहको घरधुरी पहिचान गर्दा देहायका आधारहरुलाई मध्येनजर गरी गर्नु पर्नेछ :

(क) सामुदायिक नदीको रुपमा हस्तान्तरण गरिने नदी क्षेत्रको जलचरमा आश्रित समुदाय

(ख) सामुदायिक नदीको रुपमा हस्तान्तरण गरिने नदी क्षेत्रमा आश्रित घरधुरी

(ग) नदीको उक्त क्षेत्र परम्परागत रूपमा भोगचलन गर्दै आएका घरधुरी

(घ) नदीको उक्त क्षेत्र पायक पर्ने घरधुरी

(ङ) नदीको उक्त क्षेत्रको संरक्षण र व्यवस्थापनमा योगदान दिन सक्ने घरधुरी

(च) नदी व्यवस्थापनमा योगदान दिन सक्ने अन्य

विकल्प नभएका टाढाका घरधुरी

(छ) समूहमा समावेश हुने चाहना भएका घरधुरी

२१. **<u>सामुदायिक नदी वा ताल हस्तान्तरण गरिने र जलचर संरक्षण समूहको गठन तथा दर्ता प्रकृया:</u>** (१) कुनै नदी क्षेत्र वाताललाई सामुदायिक नदीक्षेत्र वा तालको रुपमा व्यवस्थापन गर्न चाहने समुदायका सदस्यहरुले कार्यपालिकाको कार्यालयमा वडा समितिको सिफारिस सहित लिखित रुपमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएमा प्रमुख प्रशासकीय अधिकृतले यथाशक्य चाँडो प्राविधिक एवं अन्य सहयोग उपलब्ध गराउन प्राविधिक कर्मचारीलाई सम्बन्धित क्षेत्रमा खटाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम गाउँपालिकाका कर्मचारीले सम्बन्धित वडा कार्यालय समेतको सहयोग लिई समूह गठन गर्न र त्यसको विधान तयार गर्न समुदायलाई सहयोग गर्नु पर्नेछ । समूहको विधानमा अन्य कुराहरुको

अतिरिक्त दफा २२ मा उल्लेखित कुराहरुको सम्बन्धमा व्यवस्था गरिएको हुनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम तयार भएको विधानमा उल्लेख भए अनुरुप नदी वा तालको सामुदायिक नदी वा तालका रुपमा समुदायलाई सुम्पिने वा हस्तान्तरण गरिने भाग वा क्षेत्रमा अवस्थित घरधुरी सदस्य रहने गरी एक समूह गठन गरी समूहको विधान सहित अनुसूची-१ बमोजिमको ढाँचामा गाउँ कार्यपालिकाको कार्यालयमासमूह दर्ता गराउन समूह भेला गराई उक्त भेलाको निर्णय तथा उक्त भेलामा उपस्थित प्रत्येक घरधुरीका एक एक ब्यक्तीको सहिछाप सहित दरखास्त दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको दरखास्त दिने समूह त्यसको विधान अनुरुप गठन भएको देखिन आएमा कार्यपालिकाको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो समूहलाई दर्ता गरी, यस ऐन तथा गाउँपालिकाले तोकी दिएको शर्तहरु पालन गर्न कबुलियत गराई अनुसूची- २ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ ।

२२. **समूहको विधानमा रहनुपर्ने कुराहरु :** समूहले देहायका कुराहरु समावेश गरी सामुदायिक जलचर संरक्षण समूहको विधान तयार गर्नु पर्नेछः

(क) समूहको नाम, ठेगाना, समूहको उद्देश्य तथा कार्यहरु, सामुदायिक नदीक्षेत्र वा ताल व्यवस्थापनको उद्देश्य;

(ख) प्रस्तावित सामुदायिक नदीक्षेत्र वा तालको विवरण-नाम, सिमाना, क्षेत्रफल, गाउँ र वार्ड नम्बर, नदी क्षेत्र वा तालको अवस्था र किसिम,

(ग) सामुदायिक नदीक्षेत्र वा तालको नक्सा, नदीको क्षेत्र वा भाग विभाजन र यसको विवरण- सिमाना, क्षेत्रफल, माछा लगायत अन्य जलचरको किसिम, मुख्य जात एवं प्रजाति, उपयोगी जात र प्रजाति,

तथा प्राकृतिक पुनरुत्पादनको स्थिति,

(घ) समूहलाई हस्तान्तरण हुने वा सुम्पिने सामुदायिक नदीक्षेत्र वा तालक्षेत्रभित्र रहने समूहका सदस्यको घरधुरी क्षेत्रभित्र रहने घरधुरी संख्या, सदस्यहरुको नाम, थर र वतन, पारिवारिक विवरण महिला, पुरुष संख्या,

(ङ) जलीय स्तनधारी जीव, घस्रने प्राणी, शंखे किरा, माछा, झिङ्गे माछा, लगायत अन्य जलीय वनस्पति र जलचर जलीय जैविक विविधताका विभिन्न अवयवहरु, जलीय जैविक विविधताको संरक्षण सम्बन्धी प्रावधान र सम्बर्द्धनका अन्य कार्यहरु,

(च) ओत तथा अन्य जलीय स्तनधारी जीव, घस्रने

प्राणी, शंखे किरा, माछा, झिङ्गे माछा, लगायत अन्य जलचरको प्रजनन क्षेत्र, माछाका भुराहरु खेल्ने र हुर्कने ठाउँ, भाग, त्यस्ता क्षेत्रको विवरण र संरक्षण तथा व्यवस्थापनको तरिकाको विवरण,

(छ) प्रस्तावित सामुदायिक नदीक्षेत्र, खोलानाला, गहीरो रह क्षेत्र, ताल, तलैया, दह, सिमसारको कुन कुन क्षेत्रमा वर्ष भरि जलीय स्तनधारी जीव, घस्रने प्राणी, शंखे किरा, माछा, झिङ्गे माछा, लगायत अन्य जलीय वनस्पति र जलचर समात्न वा मार्न प्रतिवन्ध लगाउने हो त्यस्ता क्षेत्रको विवरण,

(ज) दुर्लभ, संकटासन्न, र संकटापन्न प्रजातिका माछा तथा अन्य

जलचरहरुको संरक्षण सम्बन्धी प्रावधान,

(झ) जलीय स्तनधारी जीव, घस्रने प्राणी, शंखे किरा, माछा, झिङ्गे माछा, लगायत अन्य जलीय वनस्पति र जलचरको दिगो रुपमा संकलन गर्ने कार्य र दोहन नियन्त्रण गर्न अपनाइने तरिकाहरु,

(ञ) एक वर्षमा कुन कुन महिनामा र कुन कुन क्षेत्रमा नेपाल कानूनले वा गाउँपालिकाले संरक्षित तोकेका प्रजातिहरु बाहेकका जलीय स्तनधारी जीव, घस्रने प्राणी, शंखे किरा, माछा, झिङ्गे माछा, लगायत अन्य जलचर संकलन गर्ने हो सो को विवरण,

(ट) हेरालु सम्बन्धी व्यवस्था र माछा तथा जलचरको अनियमित वा गैर कानूनी

रुपमा संकलन कार्यको रोकथाम तथा नियन्त्रण सम्बन्धी समुदायमा आधारित व्यवस्था

(ठ) माछा र अन्य जलचरको बिक्री वितरण र जलीय जैविक विविधता मैत्री उद्यम वा पर्यापर्यटन एवं अन्य स्रोतबाट प्राप्त हुने आम्दानीको उपयोग सम्बन्धी व्यवस्था,

(ड) प्रस्तावित सामुदायिक नदीक्षेत्र वा तालमा एकल महिला, अपाङ्ग, दलित, आदिवासी जनजाति, मधेशी र विपन्नका लागि समन्यायिक पहुँच, दिगो उपयोग र समन्यायिक लाभको बाँडफाँड सम्बन्धी प्रावधान,

(ढ) एकल महिला, दलित, आदिवासी जनजाति, मधेशी र विपन्न घरधुरीलाई प्रदान गरिने

विशेष सुविधा, सहुलियत र प्रतिफलको विवरण,

(ण) समूहको सदस्यता, सदस्यता प्राप्ति सम्बन्धी व्यवस्था तथा शुल्क, सदस्य समाप्ति सम्बन्धी व्यवस्था,

(त) समूहको सदस्यता प्रदान गर्दा जलचरमा आश्रित समुदायलाई प्राथमिकता दिने सम्बन्धी व्यवस्था,

(थ) साधारणसभा तथा विशेष साधारणसभा, साधारणसभाको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था,

(द) कार्य समितिको गठन, कार्यसमितिका प्रमुख पदहरुमा महिलाको प्रतिनिधित्व सुनिश्चत गर्ने सम्बन्धी व्यवस्था,

(ध) कार्य समितिको काम, कर्तव्य र अधिकार,

पदाधिकारीहरुको काम, कर्तव्य तथा अधिकार,

(न) कार्य समितिका पदाधिकारी वा सदस्यको जिम्मेवारी समाप्त हुने अवस्था,

(प) सदस्यहरुलाई हुन सक्ने सजाय सम्बन्धी व्यवस्था,

(फ) विधान विपरित काम गर्ने समूहका सदस्यहरुलाई दिईने सजायहरु र समूहका सदस्यहरुलाई सजाय दिंदा पूरा गर्नु पर्ने कार्यविधि,

(ब) कार्यपालिकाले तोकेका अन्य विषयवस्तुहरु ।

२३. **समानुपातिक समावेशीता तथा समन्याय कायम गर्नु पर्ने** : (१) समूहका सदस्यमा कम्तिमा एकाउन्न प्रतिशत महिला, एकल महिला, दलित, आदिवासी जनजाति, मधेशी, धार्मिक अल्पसंख्यक तथा विपन्नवर्गका सदस्य हुनु पर्ने छ ।

(२) कार्य समितिका सदस्य मध्ये कम्तिमा चार सदस्य महिला, दलित वा जनजाति समुदायबाट हुनुपर्नेछ ।

(३) कार्य समितिको अध्यक्ष, सचिव, र कोषाध्यक्ष पद मध्ये कुनै २ प्रमूख पदमा महिलाको प्रतिनिधित्व हुनु पर्नेछ ।

(४) समूहले महिला, दलित, आदिवासी जनजाति, मधेशी, धार्मिक अल्पसंख्यक तथा विपन्न सदस्यलाई अन्य सदस्यको तुलनामा जलीय श्रोत र जलचरमा समन्यायिक पहुँच र वितरण सुनिश्चित गर्नका लागि समूहका महिला, दलित, आदिवासी जनजाति, मुस्लिम, मधेशी तथा विपन्न सदस्यलाई जलीय श्रोत र जलचरमा अन्य सदस्य भन्दा कम्तीमा पचास प्रतिशत भन्दा बढी पहुँच दिनुपर्नेछ ।

**<u>स्पष्टीकरण :</u>** उप दफा (४) को प्रयोजनको लागि “समन्यायिक पहुँच” भन्नाले समूहका सदस्यहरुलाई एक हप्तामा दुइ दिन माछा समात्न वा मार्न दिने हो भने महिला, दलित, आदिवासी जनजाति, मुस्लिम, मधेशी तथा विपन्न

सदस्यलाई एक हप्तामा तिन दिन माछा संकलन गर्न वा मार्न दिने सम्झनु पर्छ ।

२४. **सामुदायिक जलचर संरक्षण समूह संगठित संस्था हुने :** (१) सामुदायिक जलचर संरक्षण समूह अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित, संगठित र गैर नाफामूलक संस्था हुनेछ ।

(२) समूहको आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) समूहले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेच बिखन गर्न वा अन्य किसिमले बन्दोवस्त गर्न सक्नेछ ।

(४) समूहले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

२५. **प्रतिवेदन दिनु पर्नेः** (१) समूहले प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र तोकिएबमोजिम आर्थिक विवरण तथा सम्बन्धित समूहलाई सुम्पिएको सामुदायिक नदी वा तालको स्थिति समेत खुलाई समूहले आफ्नो क्रियाकलापको

साधारण सभाबाट पारित वार्षिक प्रगति प्रतिवेदन र आगामी वर्षको कार्ययोजना गाउँ कार्यपालिकाको कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त वार्षिक प्रतिवेदन र कार्ययोजनाको आधारमा कार्यपालिकाको कार्यालयले सम्बन्धित समूहलाई आवश्यक सुझाव दिन सक्नेछ ।

२६. **समूहको कोषः** (१) समूहको आफ्नो एउटा छुट्टै कोष हुनेछ ।

(२) कोषमा देहायका रकमहरु जम्मा गरिनेछः-

(क) सदस्यता शुल्क बाट प्राप्त रकम,

(ख) माछा तथा अन्य जलचरको बिक्री वितरणबाट प्राप्त रकम,

(ग) जलचर र जलीय जैविक विविधतामैत्री उद्यम वा पर्यापर्यटन कार्यक्रम संचालनबाट प्राप्त रकम,

(घ) नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान रकम,

(ङ) कुनै स्वदेशी व्यक्ति वा संस्थाबाट प्राप्त अनुदान, सहायता वा दान दातव्यको रकम वा पुरस्कार,

(च) यस ऐनको उलंघन भएको अवस्थामा गाउँपालिकाले गरेको जरिवानाबाट उठेको रकमको ४० प्रतिशतका दरले प्राप्त रकम,

(छ) समुहले यस ऐन अर्न्तगत गरेको जरिबानाबाट प्राप्त रकम,

(ज) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) समूहको तर्फबाट गरिने खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।



चुरे गाउँपालिका

२७. **समूहको कोषको संचालनः** (१) समूहको कोषमा जम्मा भएको रकम बैंकमा समूहको नाममा खाता खोली जम्मा गर्नुपर्नेछ र सो खाता कोषाध्यक्ष एवं कार्य समितिले तोकेको एकजना पदाधिकारीको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

(२) समूहको कोषाध्यक्ष पदमा महिला निर्वाचित नभएको अवस्थामा, उपदफा (१) बमोजिम कार्य समितिले एक जना पदाधिकारी तोक्दा महिला पदाधिकारीलाई तोक्नु पर्नेछ ।

(३) समूहको कोषको व्यवस्थापन, खाता संचालन तथा संस्थागत बिकासका लागि कार्यपालिकाले तालिमको व्यवस्था गर्न सक्नेछ ।

(४) समूहको आम्दानी र खर्चको बार्षिक लेखापरीक्षण समुहको साधारण सभाले तोकेको लेखापरीक्षकबाट हुनेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि साधारण सभाले लेखापरीक्षक तोक्दा कुनै लेखापरिक्षण कम्पनीलाई लगातार दुई आर्थिक बर्ष भन्दा बढी तोक्न पाउने छैन ।

(६) उपदफा (४) बमोजिमको लेखापरीक्षण समूहले आर्थिक वर्ष समाप्त भएको ६ महीना भित्र गराई लेखापरीक्षण प्रतिवेदनको एक प्रति गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

(७) प्रमूख प्रशासकीय अधिकृतले खटाएको कर्मचारीले समूहले राखेको आम्दानी र खर्चको लेखा समय समयमा जाँचबुझ गर्न सक्नेछ ।

(८) कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२८. **सामुदायिक नदी वा तालको लगत राख्ने** : प्रमुख प्रसाशकीय अधिकृतले समूहलाई सामुदायिक नदी वा ताल हस्तान्तरण गरेपछि सोको लगत आफ्नो कार्यालयमा राख्नु पर्नेछ ।

२९. **माछा लगायत जलचरको तथ्यांक राख्ने :** (१) कार्यपालिकाले गाउँपालिका क्षेत्र भित्रको नदी, खोलानाला,ताल तलैया, सिमसारमा पाईने जलीय स्तनधारी जीव, घस्रने प्राणी, शंखे किरा, माछा, झिङ्गे माछा, लगायत अन्य जलचरको विशेषज्ञ मार्फत स्थानीय जानिफकार समेतको सम्लग्नतामा सर्वेक्षण गराई लगत

अभिलेख आफ्नो कार्यालयमा राख्नु पर्नेछ ।

(२) उपदफा(१) बमोजिम कार्यपालिकाले राख्ने लगत कार्यपालिकाले प्रत्येक तिन बर्षमा अध्यावधिक गर्नुपर्ने छ ।

३०. **स्वामित्व हस्तान्तरण नहुने :** यस ऐनको दफा २१ बमोजिम कुनै नदी क्षेत्र वा ताल गाउँपालिकाले समूहलाई सामुदायिक नदी वा तालको रुपमा व्यवस्थापन गर्न समूहलाई हस्तान्तरण गरेको कारणले मात्र नदी वा तालको स्वामित्व कुनै पनि समूहलाई हस्तान्तरण हुने छैन ।

३१. **सामुदायिक नदी वा तालमा गर्न नहुने काम :** (१) समूहले सामुदायिक नदी वा तालमा विधानले निषेध गरेका कार्यको अतिरिक्त देहायको कुनै कार्य समेत गर्नु गराउनु हुदैन :-

(क) नदी वा ताल र माछा लगायत अन्य जलचर मास्न, सामुदायिक नदी वा तालले चर्चेको जग्गा धितो बन्धकी राख्न वा

अरु कुनै किसिमले हस्तान्तरण गर्न,

(ख) जलचर संरक्षण ऐन, २०१७ विपरित जलचर पक्रन वा मार्न वा अन्य कार्य गर्न,

(ग) प्रचलित कानून विपरित वन्यजन्तु पक्रन वा मार्न,

(घ) नदीको सनातन बहावको धार परिवर्तन गर्न,

(ङ) भू-क्षय हुने कुनै काम गर्न,

(च) कार्यपालिकाको अनुमति बेगर माटो, ढुंगा, गिट्टी, बालुवा आदि निकाल्न वा ओसार पसार गर्न,

(छ) जलीय जैविक विविधताको बासस्थान, खाद्य चक्र र जलीय जैविक विविधतामा ह्रास आउने अन्य कुनै काम गर्न,

(ज) तोकिएबमोजिमका अन्य कार्यहरु ।

३२. **<u>जलचरको संकलन तथा बिक्री वितरणः</u>** (१) समूहले यस ऐन, यस ऐन अर्न्तगत बनेको नियमावली, यस ऐन वा नियमावली अर्न्तगत जारी गरिएको आदेश र विधानमा ब्यवस्था भएबमोजिम मात्र माछा र अन्य जलचर संकलन तथा बिक्री वितरण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम माछा लगायत अन्य जलचर संकलन गर्ने कार्यका साथ साथै उक्त नदीक्षेत्र वा तालमा समूहले संरक्षण, पुनरुत्थान, र स्तरोन्नतीका कार्य समेत गर्नु पर्नेछ ।

३३. **<u>सदस्यता शूल्क तथा सेवा शूल्क निर्धारण गर्दा ध्यान दिनुपर्ने</u>** : (१) सदस्यता शूल्क निर्धारण गर्दा समूहका एकल महिला, दलित, आदीबासी जनजाती तथा विपन्न घरधुरी सदस्यले समेत बेहोर्न सक्ने मनासिव रकम मात्र तोक्नुपर्ने छ ।

(२) समूहले सेवा शूल्क निर्धारण गर्दा समूहका घरधुरी सदस्यले संकलन गर्ने माछाको बजार मूल्यको कम्तीमा २

प्रतिशत र बढीमा ५ प्रतिशतसम्म सेवा शूल्क निर्धारण गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निर्धारण गरेको सेवा शूल्क प्रत्येक सदस्यले भूक्तानी गरे पछि मात्र नीजले संकलन गरेको माछा बिक्री वितरण गर्नु पर्नेछ ।

३४. **विधानमा संशोधन :** (१) समूहले समुहको विधानको संशोधन गर्नु पर्ने भएमा संशोधन सम्बन्धि प्रस्तावित समूहको साधारण सभाको दुई तिहाई बहुमतको निर्णयबाट पारित गरी आवश्यकता अनुसार समयानुकूल संशोधन गर्न सक्नेछ र त्यस्तो संशोधन प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत भएपछि मात्र लागू हुनेछ ।

(२) उपदफा (१) बमोजिम समूहले विधानमा गरेको संशोधनले नदी वा ताल तथा जलचर वा जलिय जैविक विविधतामा उल्लेखनीय प्रतिकूल असर पर्ने देखिएमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो संशोधनको जानकारी प्राप्त भएको तीस दिनभित्र समूहलाई सो संशोधन लागू नगर्न निर्देशन दिन सक्नेछ र त्यस्तो

निर्देशनको पालना गर्नु समूहको कर्तव्य हुनेछ ।

३५. **नविकरण गराउनु पर्ने** : (१) समूहले प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र गाउँ कार्यपालीकाको कार्यालयमा समुहको नविकरण गराउनु पर्नेछ ।

३६. **सामुदायिक नदी वा ताल फिर्ता लिन सकिने:** (१) दफा २१ बमोजिम सुम्पिएको सामुदायिक नदी वा तालमा समूहले विधान बमोजिम कार्य सञ्चालन गर्न नसकेमा वा नदी वा ताल तथा जलचर, जलीय जैविक विविधता वा वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने कुनै कार्य गरेमा वा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमावली वा यस ऐन वा नियमावली अर्न्तगत जारी गरिएको आदेश बमोजिम पालन गर्नु पर्ने शर्तहरु पालन नगरेमा कार्यपालिकाले त्यस्तो समूहको दर्ता खारेज गर्न र त्यस्तो सामुदायिक नदी वा ताल फिर्ता लिनसक्नेछ ।

(२) उपदफा (१) बमोजिम समूहको दर्ता खारेज गरी सामुदायिक

नदी वा ताल फिर्ता लिने निर्णय गर्नु अघि त्यस्तो समूहलाई आफ्नो सफाई पेश गर्ने मौका दिइनेछ ।

(३) उपदफा (२) बमोजिम सफाई पेश गरेमा सफाई सन्तोषजनक पाइएका समूहका पदाधिकारीलाई भविष्यमा यस ऐन, नियम, प्रचलित ऐन कानून र समूहको विधानको पूर्णतः पालना गर्ने कागज गराई समूहको दर्ता खारेज गर्ने प्रक्रिया अन्त्य गरिने छ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि समूहको कार्यकारी समितिका पदाधिकारी वा सदस्यहरुले समूहको हितको नाममा वा अन्य कुनै कारणले यस ऐन, यस ऐन अर्न्तगत बनेको नियमायली वा समूहको विधान विपरित कुनै काम कारबाही गरेको भनी समूहकोवा अरु कसैको उजूरी परेमा त्यस्ता पदाधिकारीलाई र सदस्यलाई यस ऐनमा व्यवस्था भएको जरिवानामा २५ प्रतिशत थप जरिवाना हुनेछ ।

(५) उपदफा (३) बमोजिम कागज गराई सामुदायिक जलचर संरक्षण

समूहको संरक्षण, व्यवस्थापन गर्न समुहलाई निरन्तरता प्रदान गरेकोमा सो समुहले पुनः उपदफा (१) मा उल्लेख भएका क्रियाकलाप गरेमा कार्यपालिकाले निर्णय गरी समुहको दर्ता खारेज र सामुदायिक नदी वा ताल फिर्ता लिन सक्ने छ ।

(६) उपदफा (३) र (५) मा जुनसुकै कुरा लेखिएको भएतापनि समूहका पदाधिकारीहरुले समूहको हितको नाममा यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम वायस ऐन वा नियमावली अर्न्तगत जारी भएको आदेश विपरित कुनै काम कारबाही गरेमा निजहरुलाई यस ऐन बमोजिम सजाय गर्न बाधा पुऱ्याएको मानिने छैन ।

**३७. सामुदायिक नदी तथा तालपूनः सुम्पन सकिने** : दफा ३६ को उपदफा (५) बमोजिम फिर्ता लिएको सामुदायिक नदी, गाड, ताल तथा तलैया दफा ४९ बमोजिम तत्सम्बन्धी निर्णय बदर भएमा कार्यपालिकाले साविककै समूहलाई पुनः सुम्पन सक्ने छ ।

३८. **<u>विधान विपरित काम गर्नेलाई दण्ड जरिवाना :</u>** (१) सामुदायिक नदी वा तालमा कुनै सदस्यले विधान विपरित हुने कुनै काम गरेमा निजलाई सम्बन्धित समूहले उपयुक्त नसिहत दिन वा जरीवाना गर्न सक्नेछ र कुनै हानी नोक्सानी भएकोमा बिगो समेत असुल उपर गर्न सक्नेछ ।

(२) समूहको सदस्य नभएको व्यक्तिले यस ऐन वा विधान विपरित कुनै कार्य गरेमा त्यस्तो व्यक्तिलाई यस ऐन बमोजिमको जरिवानाका अतिरिक्त समूहको कार्य समितिको निर्णय बमोजिम निर्धारण गरेको जरिवाना समेत हुनेछ ।

३९. **<u>जलीय जैविक विविधता तथा सामुदायिक नदी वा ताल संरक्षणको लागि खर्च गर्नु पर्ने :</u>** समूहले विधान बमोजिम आर्जन गरेको बार्षिक आयबाट कम्तीमा पच्चिस प्रतिशत रकम सामुदायिक नदी वा तालको विकास, संरक्षण र व्यवस्थापन कार्यमा, कम्तीमा पैंतिस प्रतिशत समूहका विपन्न तथा गरीबीका रेखामुनी रहेका सदस्यलाइ टेवा पुग्ने गरि खर्च गर्नु पर्ने र बाँकी रकम समूहको हितको लागि

विकास कार्यमा गरिवी न्यूनिकरण गर्ने कार्यमा खर्च गर्नु पर्नेछ ।

४०. **सामुदायिक नदी वा तालमा कार्यक्रम सञ्चालन गर्न सक्ने** : साधारण सभाको निर्णय बमोजिम समूहले गाउँपालिकाको पूर्व अनुमति लिई विधानको अधिनमा रही जलचर र जलीय जैविक विविधतामैत्री उद्यम तथा पर्यापर्यटन कार्यक्रम सामुदायिक नदी वा तालमा सञ्चालन गर्न सक्नेछ ।

४१. **नयाँ सदस्यसँग बढी सदस्यता शुल्क लिन मिल्ने** : अंशवण्डा भई, बसाई सराई गरी वा अन्य कुनै किसिमले सामुदायिक नदी क्षेत्र भित्र बसोवास गर्न आउने नयाँ घरधुरीले समूहको सदस्यता प्राप्त गर्न निवेदन दिएमा त्यस्ता घरधुरीलाई समूहको कार्यसमितिले सदस्यता शूल्क बापत समुहको विद्यमान सदस्यता शुल्कमा २५ प्रतिशतसम्म मात्र थप सदस्यता शुल्क लिई समूहको सदस्यता प्रदान गर्नु पर्नेछ ।

४२. **बरबुझारत गर्नु पर्ने** : समूहको कार्यसमितिको कुनै पदाधिकारी परिवर्तन भएमा वा नयाँ कार्यसमिति गठन भएको

अवस्थामा पद त्याग गरेको पदाधिकारीले वा पुरानो कार्यसमितिको पदाधिकारीहरुले नयाँ पदाधिकारीलाई वा नयाँ गठन भएको कार्यसमितिलाई नगदी, जिन्सी तथा अन्य कागजात, लेखा र नगदी कोष आदि पद त्याग गरेको वा नयाँ कार्यसमिति गठन भएको मितिले बढीमा १० दिन भित्र बुझाई सक्नु पर्नेछ ।

## परिच्छेद-५

## दण्डनीय कार्य तथा जरिवाना

४३. **दण्डनीय कार्य**: कसैले देहायको कुनै कार्य गरेमा यस ऐन बमोजिम दण्डनीय कार्य मानिनेछ :-

(क) कुनै व्यक्तिले पनि कुनै नदी वा तालमा रहेको कुनै जलचरलाई समात्ने तथा मार्ने अभिप्रायले त्यस्तो घरधुरीमा वा नदी वा तालमा त्यसको आसपासमा कुनै किसिमको विद्युतीय धार ( करेण्ट), विष्फोट पदार्थ, विषालु पदार्थको प्रयोग

गर्ने, तथा बहाव परिवर्तन गरेमा ।

(ख) ठुलीगाडमा माछा रजलचर समात्ने अभिप्रायले जालको आँखाको साइज दुई दशमलव पाँच सेन्टिमिटर (पचीस मिलिमिटर) भन्दा सानो प्वाल भएको र पाँच सेन्टिमिटर (पचास मिलिमिटर) ठूलो प्वाल को जाल, चौथीं, माहाजाल र करेण्ट जाल जस्ता जाल प्रयोग गर्ने वा घन ठोक्ने कार्य गरेमा,

(ग) ठुलीगाड बाहेक अन्य गाड, नदीनाला वा खोलामा जलचर समाउने वा मार्ने अभिप्रायले जालको प्रयोग गर्दा जालको आँखाको साइजएक दशमलव पाँच सेन्टिमिटर (पन्ध्र मिलिमिटर) भन्दा सानो

आँखाको साइज र पाँच सेन्टिमिटर (पचास मिलिमिटर) वा सो भन्दा ठुलो आँखाको साइज भएको जाल, चौथीं, माहाजाल र करेण्ट जाल (गिल नेट) वा मच्छर झुलप्रयोग गरेमा,

(घ) जलचर वा माछा संकलन गर्न, पक्रन वा मार्न वा अन्य कुनै प्रयोजनका लागि डोजर वा जेसिवीजस्ता मेशिनको प्रयोग गरी नदी वा गाडको धार परिवर्तन गरेमा,

(ङ) कसैले पनि जलचर समात्न वा मार्नका लागि जालको आँखाको साइज एक दशमलव पाँच सेन्टिमिटर (पन्ध्र मिलिमिटर) भन्दा सानो प्वाल भएको र पाँच सेन्टिमिटर (पचास मिलिमिटर) को जाल,

चौथीं, माहाजाल वा करेण्ट जाल पैठारी वा खरिद बिक्री गरेमा,

(च) अधिकार प्राप्त व्यक्ति बाहेक अरु कसैले पनि जलचरको संरक्षणको लागि नदी वा तालमा रहेको मत्स्य भऱ्याङ, बाँध तथा अन्य कुनै किसिमको संरचनाको ढोका थुनेमा वा भत्काएमा,

(छ) तोकिएका जातिका जलचरलाई कार्यपालिकाको इजाजतपत्र बेगर कुनै पनि व्यक्तिले समातेमा, मारेमा, चोट पुऱ्याएमा वा क्षति पुऱ्याएमा,

(ज) गाउँपालिकाले स्थानीय राजपत्रमा प्रकाशित आदेशद्वारा सोही आदेशमा तोकिएका ठाउँको सामुदायिक नदी वा तालमा कार्यपालिकाको

इजाजत बेगर कुनै पनि व्यक्तिले जानी जानी जलचरहरु समात्न, मार्न वाचोट पुऱ्याउन नपाउने गरी जारी गरेको सूचनाको उलंघन गरेमा,

(झ) दफा ७ बमोजिम बाँध निर्माण वा सञ्चालन गर्ने निकायले मत्स्य भऱ्याङ्ग निर्माण नगरेमा वा जलचर ह्याचरी वा जलचर नर्सरीको व्यवस्था नगरेमा,

(ञ) दफा ७ बमोजिम बाँध सञ्चालन गर्ने निकायले नदीको प्रवाहको पन्ध्र देखि पच्चीस प्रतिशत न्यूनतम् वातावरणीय बहाव कायम नगरेमा,

(ट) कुनै व्यक्ति, संस्था वा निकायले फोहरमैला वा दूषित पानी (लिचेट) वा ढल नदी वा तालमा चुहावट वा उत्सर्जन गरी

नदी वा ताल प्रदूषित गरेमा,

(ठ) ताल तलैया पोखरीमा पालेको स्थानीय जातको वा अन्य मुलुकबाट आयातित माछा, झिङ्गे माछा, शंखे किरा, कछुवा लगायत अन्य जलचर नदी, गाड, खोलानालावा सार्वजनिक ताल, तलैया, पोखरी, दह वा सीमसारमा छाडेमा वा निस्कासन गरेमा,

(ड) कार्यपालिकाले तोकेको संरक्षित जलीय स्तनधारी जीव, घस्रने प्राणी, शंखे किरा, माछा, झिङ्गे माछा, लगायत अन्य जलिय वनस्पति र अन्य जलचरलाई समातेमा, मारेमा, चोट पुर्‍याएमा वा क्षति पुर्‍याएमा ।

४४. **जरिवाना** : (१) दफा ४३ को खण्ड (क) बमोजिमको कार्य गर्नेलाई कार्यपालिकाले

पहिलो पटक भएपाँच हजार रुपैयाँ देखि सातहजार रुपैयैयाँसम्म जरिबाना, दोस्रो पटक सोही कार्य गरेमा दशहजाररुपैयाँ र तेस्रो वा सोभन्दा बढीपटक सोही कार्य गरेमा प्रत्येक पटकको लागि विस हजार रुपैयाँका दरले जरिबाना हुनेछ ।

(२) दफा ४३ को खण्ड (ख), (ग), र (ङ) बमोजिमको कार्य गर्नेलाई एक हजार रुपैया देखि तिनहजार रुपैयाँसम्म जरिबाना, दोस्रो पटक सोही कार्य गरेमा पाँच हजार रुपैयाँदेखि सातहजार रुपैयाँसम्म जरिबाना र सोही कार्य तेस्रो वा सोभन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि दश हजार रुपैयाँ जरिबाना हुनेछ।

(३) दफा ४३ को खण्ड (घ) बमोजिमको कार्य गर्नेलाई पहिलो पटक भए दश हजार रुपैया देखि पन्ध्रहजार रुपैयाँसम्म जरिबाना, दोस्रो पटक सोही कार्य गरेमा विस हजार रुपैयाँदेखि पच्चिस हजार रुपैयाँसम्म जरिबाना र सोही कार्य तेस्रो वा सो भन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि तिस हजार रुपैयाँ जरिबाना हुनेछ ।

(४) दफा ४३ को खण्ड (च) बमोजिमको कार्य गर्नेलाई पचास हजार रुपैयाँदेखि तिन लाख रुपैयाँसम्म जरिबाना हुनेछ ।

(५) दफा ४३ को खण्ड (छ) र (ज) बमोजिमको कार्य गर्नेलाई पहिलो पटक भएएक हजार देखि तीनहजार रुपैयाँसम्म जरिबाना, दोस्रो पटक सोही कार्य गरेमा तीनहजार रुपैयाँदेखि छ हजार रुपैयाँसम्म जरिबाना र सोही कार्य तेस्रो वा सोभन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि नौ हजार रुपैयाँदेखि पन्ध हजाररुपैयाँसम्म जरिबाना हुनेछ ।

(६) दफा ४३ को खण्ड (झ) बमोजिमको कार्य गर्नेलाई नेपाल सरकारसँग अनुमति लिई बाँध निर्माण गरेको अवस्थामा नेपाल सरकारसँग र सुदुर पश्चिम प्रदेश सरकारबाट अनुमति प्राप्त गरी बाँध निर्माण गरेका भए सुदूरपश्चिम सरकारसँग सो बाँध निर्माण गर्ने निकायलाई मत्स्य भ्याङ निर्माण गर्न वा हयाचरी वा जलचर नर्सरीको निर्माण गरी सञ्चालन गर्न पत्राचार गर्ने ।

(७) दफा ४३ को खण्ड (ञ) बमोजिमको कार्य गर्नेलाई पहिलो पटक एक लाख, दोश्रो पटक तिन लाख, तेश्रो पटक नौ लाख र चौथो पटक समेत सो कार्य गरेमा उद्योगको अनुमति पत्र वा कम्पनीको दर्ता खारेज गर्न प्रदेश र संघीय सरकारसँग पहल गर्ने ।

(८) दफा ४३ को खण्ड (ट) बमोजिमको कार्य गर्नेलाई पहिलो पटक दुई हजार, दोश्रो पटक तीनहजार, तेश्रो पटक पाँच हजार र सोही कार्य चौथो वा सोभन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि दशहजार रुपैयाँका दरले जरिबाना हुनेछ ।

(९) दफा ४३ को खण्ड (ठ) बमोजिमको कार्य गर्नेलाई पहिलो पटक पाँचहजार, दोश्रो पटक दशहजार, तेश्रो पटक बीसहजार र सोही कार्य चौथो वा सोभन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि पचीस हजार रुपैयाँका दरले जरिबाना हुनेछ ।

(१०) दफा ४३ को खण्ड (ड) बमोजिमको कार्य गर्नेलाई पहिलो पटक तिन हजार, दास्रो पटक छ हजार, तेश्रो

पटक नौ हजार र सोही कार्य चौथो वा सोभन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि पन्ध्र हजार रुपैयाँका दरले जरिबाना हुनेछ ।

४५. **पुरस्कार दिने** : (१) यस ऐन विपरित कार्य हुन लागेको सुराक दिने वा अभियुक्त पक्राउ गर्न सहयोग गर्नेलाई दण्डित हुने व्यक्तिलाई हुने जरिबानाको पच्चिस प्रतिशत पुरस्कार स्वरुप प्रदान गरिने छ ।

(२) उपदफा (१) को बमोजिमको सुराकीको नाम, थर, वतन गोप्य रहने छ ।

(३) जलचर तथा जलिय जैविक विविधताको संरक्षण र दिगो उपयोगमा उत्कृष्ट योगदान पुऱ्याउने समुहलाई कार्यपालिकाले आर्थिक पुरस्कार लगायत अन्य पुरस्कार दिन सक्नेछ ।

४६. **अनुसन्धान अधिकृत तोक्ने** : यस ऐन बमोजिम सजाय हुने कार्यको अनुसन्धान गर्न गाउँपालिकाले कम्तीमा पाँचौ तहको कुनै कर्मचारीलाई अनुसन्धान अधिकृतको रुपमा तोक्न सक्नेछ ।

४७. **कारवाही चलाउने तथा दण्ड जरिवाना गर्ने अधिकारी :** (१) यस ऐन बमोजिम दण्ड जरिवाना गर्ने अधिकार स्थानीय कार्यपालिकालाई हुनेछ ।

(२) यस ऐन बमोजिम कारवाही तथा दण्ड जरिवाना हुने मुद्दा अनुसन्धान तथा तहकिकात गर्ने अधिकृतले सम्बन्धित जिल्ला सरकारी वकिलको कार्यालयको परामर्श तथा सहयोग लिन सक्नेछ ।

४८. **प्रचलित कानून बमोजिम सजाय हुने :** यस ऐन अर्न्तगत दण्डनीय मानिने कुनै कार्य अन्य प्रचलित कानुन बमोजिम समेत कसुर हुने रहेछ भने त्यस्तो कसुरमा प्रचलति कानून बमोजिम मुद्दा चलाई कारवाही गर्न यस ऐनमा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

४९. **पुनरावेदन दिन सकिने :** दफा ३६ बमोजिम कार्यपालिकाको निर्णय उपर चित्त नबुझ्ने वा दफा ४४ बमोजिम गरेको सजायको आदेश उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो आदेश भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

५०. **जलचर र तत् सम्बन्धी औजार, माल वस्तु कब्जा गर्न सक्नेः** (१) जलचर, जलीय जैविक विविधता, जलीय, जैविक विविधताका अवयव, स्तनधारी जीव, घस्रने प्राणी, माछा, लगायत जलीय वनस्पति सम्बन्धमा यो ऐन उल्लङ्घन भएको छ भन्ने भरपर्दो कारण देखिएमा त्यस्तो जलचर, जलीय जैविक विविधता, जलीय जैविक विविधताका अवयव, स्तनधारी जीव, घस्रने प्राणी, माछा, लगायत जलीय वनस्पति र सो कसूरसँग सम्बन्धित औजार वा हतियारलाई गाउँपालिकाका कर्मचारी वा प्रहरीले कब्जा गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कब्जा गर्ने कर्मचारीले सो कब्जा गरिएको औजार, माल वस्तुको विवरण खोली कम्तीमा दुई जना व्यक्तिको रोहवरमा बरामदी मुचुल्का तयार गरी त्यस्तो मालमा खास चिन्ह लगाई नाप जाँच गरी सकभर चाँडो वडा कार्यालय वा गाउँपालिकाको कार्यालयमा प्रतिवेदन र औजार पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम कब्जा गरिएको औजार, हतियार, माल वस्तु,

इत्यादि कार्यपालिकाको आदेश उपर पुनराबेदन नपरेमा पुनराबेदनको म्याद सकिएपछि र पुराबेदन परेको अवस्थामा जिल्ला अदालतको फैसला अनुरुप नष्ट गर्नु पर्नेछ ।

## परिच्छेद ६

## विविध

५१. **अधिकार प्रत्यायोजन :** गाउँपालिकाले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार कुनै सदस्य, कार्यालय, कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

५२. **प्रचलित कानून बमोजिम हुने :** यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानूनबमोजिम हुनेछ ।

५३. **नियम वनाउन सक्ने** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियमावली, निर्देशिका र कार्यविधि बनाउन सक्नेछ ।

## अनुसूची -१

*(दफा २१ को उपदफा (४) सँग सम्बन्धित)*

### सामुदायिक जलचर संरक्षण समूहको दर्ताको लागि दिइने निवेदन

श्री अध्यक्ष ज्यू

चुरे गाउँ कार्यपालिकाको कार्यालय,

घरखेडा,कैलाली

जिल्ला ................................ जलचर एवं जलीय जैविक विविधता संरक्षण ऐन, २०७६ को व्यवस्था बमोजिम सामुदायिक जलचर संरक्षण समूहको गठन गरी उक्त समूह दर्ता गरी पाउन सोको विधान संलग्न गरी पेश गरेका छौं । समूहको दर्ता गरी आवश्यक प्राविधिक तथा अन्य सहयोग समेत प्रदान गर्नुहुन अनुरोध गर्दछौं ।

निवेदक

................. सामुदायिक जलचर संरक्षण समूहको तर्फबाट

क्र. सं. नाम पद
दस्तखत

१.



चुरे गाउँपालिका

२.

३.

४.

५.

६.

७.

८.

९.

मितिः-............................

चुरे गाउँपालिका

अनुसूची -२

*(दफा २१ को उपदफा (५) सँग सम्बन्धित)*

**समूह दर्ताको प्रमाणपत्रको नमूना**

**चुरे गाउँ कार्यपालिकाको कार्यालय**

**कैलाली**

दर्ता नं. :-

मिति:-

**समूह दर्ताको प्रमाणपत्र**

श्री.............................................सामुदायिक जलचर संरक्षण समूह ........................... यस गाउँपालिकाको मिति.......................... को निर्णय अनुसार जलचर एवं जलीय जैविक विविधता संरक्षण ऐन, २०७६ ले दिएको अधिकार प्रयोग गरी ............... ....... .....सामुदायिक जलचर संरक्षण समूहलाई दर्ता गरी जलचर र जलीय जैविक विविधताको संरक्षण, दीगो उपयोग र सोबाट प्राप्त लाभको समन्यायिक वितरण गर्न सफलता मिलोस भन्ने शुभकामनाका साथ यो प्रमाणपत्र दिइएको छ।

**पालना गर्नुपर्ने विशेष शर्तहरु:**

१.

२.

३.

...............................सामुदायिक जलचर संरक्षण समूहको विवरण:



नेपाल कानून आयोग

सामुदायिक जलचर संरक्षण समूहको क्षेत्र
घरधुरीको संख्याः-
कुल जनसंख्याः-
प्रमाणपत्र दिने अधिकृतको नामः-
दर्जाः-
दस्तखतः-
मितिः-

***द्रष्टव्यः-*** *यो प्रमाणपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन एक सय रुपैंयाँ दस्तुर लाग्नेछ ।*

**आज्ञाले**
**नन्दलाल पाण्डे**
**प्रमुख प्रशासकीय अधिकृत**

चुरे गाउँपालिका